# जियोम्याटिक्स इन्जिनियरिङ्ग समाज

## काठमाण्डौ विश्वविध्यालय

## धुलिखेल, काभ्रे

# बिधान

# सामान्य सारांश

काठमाण्डौ विश्वविद्यालय अन्तर्गत रहेको सिभिल एन्ड जियोम्याटिक्स इन्जिनियरिङ्ग बिभागको जियोम्याटिक्स इन्जिनियरिङ्ग अध्ययनरत छात्र छात्राहरुको बिभिन्न कार्यक्रमहरुमा सैद्धान्तिक तथा प्रयोगात्मक सीप विकास गर्ने उद्धेश्यले जियोम्याटिक्स इन्जिनियरिङ्ग समाज (छोट्करीमा जि.इ.एस.) नामको संस्था खोली यस बिधान अन्तर्गत विद्यार्थी कल्याण परिसधमा दर्ता गरि सु-संचालन गरिनेछ। जि.इ.एस ले शैक्षिक क्रियाकलापमा सहयोग गर्नुका साथै प्राविधिक तालिम, गोष्ठी संचालन  गर्ने र जियोम्याटिक्स सम्बन्धित क्षेत्रमा परस्परक्रियाको बिकास गर्ने मंचको भूमिका निर्वाह गर्दछ। यसका साथै यसले सक्रिय र संवादात्मक सदस्यहरुमा परिवर्तनात्मक धारणा र प्रेरणात्मक गतिविधि र अवसर प्रदान गर्ने कार्यहरु गर्ने लक्ष राख्दछ।

## १. परिचय

१.१ जियोम्याटिक्स इन्जिनियरिङ्ग समाज ( छोटकरीमा जि.इ.एस.) नामले चिनिन्छ।

१.२ जि.इ.एस. ले काठमाण्डौ विश्वविद्यालयद्वारा विभागीय संस्थालाइ लागु गरेका र भविष्यमा लागु गर्ने सबै नियमहरु पालना गर्नेछ।

## २. नाम

यस समाजको पूरा नाम **Geomatics Engineering Society** नेपालीमा **जियोम्याटिक्स इन्जिनियरिङ्ग समाज** र छोट्करीमा **जि.इ.एस. (GES)** रहनेछ ।

## ३. समाजको छाप र चिन्ह

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी समाजको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह समाजको नाम र उद्धेश्य बमोजिम समाजमाई चिनाउने ढाँचामा हुनेछ। समाजको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै पनि समाज वा संस्थासङ्ग मेल नखानेगरी राखिनेछ।

## ४. संस्थाको उदेश्यहरु

संस्थाको उद्धेश्य देहाय बमोजिम रहनेछ।

४.१ जियोम्याटिक्स इन्जिनियरिङ्ग तथा का.वि.वि मा अध्ययनरत विध्यार्थीहरुको हितका निम्ति कार्यक्रम संचालन गर्ने।

४.२ स्वयं-सेवक सदस्य एवं प्रयोगकर्ताहरुको सीप बिकास गर्ने गराउने।

४.३ विध्यार्थीहरुमा नेत्रित्व विकास गर्न सहयोग हुने कार्यक्रमहरु संचालन गर्ने।

४.४ विध्यार्थिहरुबीच सहयोगी भाव र बिश्वास बढाउनको निमित्त सहयोग गर्ने।

४.५ जियोम्याटिक्स ईन्जिनियरिङ्गका शिक्षक एवं छात्र / छात्राहरु बीच एक कडिको रूपमा कार्यहरु गर्ने।

४.६ विध्यार्थीहरुले आफुले भोगेको समस्याहरु छलफल गर्नको लागी राम्रो मंच प्रदान गर्ने ।

## ५. संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कार्यहरुः

यस संस्थाको उपरोक्त उद्धेश्यहरु प्राप्त गर्न देहाय बमोजिमका कार्यहरु गरिनेछ।

५.१ विभिन्न गोष्ठी तथा सूचनामूलक कार्यक्रमहरु गर्ने।

५.२ खेलकुद प्रतियोगिताहरु गराउने।

५.३ विभिन्न शैक्षिक क्रियाकलाप तथा लालिम गराउने।

## ६. सदस्यता

काठमाणडौ विश्वविध्यालयमा जियोम्याटिक्स इन्जिनियरिङ्ग अध्ययन गर्ने विध्यार्थिहरु जि.इ.एस. का सदस्य हुनेछन्। सदस्यतालाई निम्न रुपमा वर्गीकृत गरिएको छ:

### ६.१ साधारण सदस्यः

साधारण सदस्यता काठमाडौं विश्वविद्यालयमा जियोम्याटिक्स इन्जिनियरिङ्ग अध्ययन गर्ने सबै विध्यार्थीहरुलाइ दिइनेछ। साधारण सदस्यताको अवधि ४ वर्ष हुनेछ। कार्यसमितिले निर्णय गरेको सदस्यता शुल्क र नियम पुरा नगरेको खण्डमा सदस्यता प्रदान गरिने छैन।

### ६.१.१ सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः

यस बिधानको दफा ६ को उपदफा ६.१ मा उल्लिखित मापदणड पूरा गरि तोकिएबमोजिमको सदस्यता शुल्क तिरी सदस्यता प्राप्त गर्न सकिनेछ। सदस्यता शुल्क कार्यसमितिले तोकेअनुसार लिइनेछ।

### ६.१.२ सदस्यता खारेज:

कुनै पनि सदस्यले जि.इ.एस. को संबिधान उन्लंगन गर्ने कार्य गरेको प्रमाणित भएमा जि.इ.एस. कार्यसमितिको निर्णय अनुसार उक्त सदस्यको सदस्यता खारेज हुनेछ।

### ६.१.३ सदस्यता स्वतहः खारेज:

काठमाणडौ विश्वविद्यालयबाट ४ बर्षे जियोम्याटिक्स इन्जिनियरिङ्ग पाठ्यक्रम को अध्ययन पूरा गरेका सदस्यको सदस्यता स्वहतः खारेज हुनेछ

### ६.१.४ सदस्यको सहभागिता

जि.इ.एस का सदस्यहरुले जि.इ.एस ले गरेका हरेक कार्यक्रमहरुमा सहभागी हुन पाउनेछन। जियोम्याटिक्स इन्जिनियरिङ्ग अध्ययन गर्ने भएता पनि जि.इ.एस को दफा ६.१.१ को मापदण्ड पूरा नगर्ने र समाजको सदस्य नहुनेले जि.इ.एस ले गरेका कुनै पनि क्रियाकलापमा सहभागी हुन पाउने छैनन्। जियोम्याटिक्स इन्जिनियरिङ्ग अध्ययनरत नभएका विद्यार्थीहरुको हकमा कुनै कार्यक्रममा सहभागी गराउनु परेमा जि.इ.एस. कार्यसमितिले तोके वमोजिम प्रक्रिया पुर्याई सहभागी गराउन सकिनेछ।

### ६.२ कार्यकारी सदस्य

जि.इ.एस. का उदेश्यप्राप्ति तथा कार्यक्रम सञ्चालनका लागि जि.इ.एस. को साधारण सदस्यबाट छनोट भएका पदाधिकारीहरु जि.इ.एस. को कार्यकरी समितिका सदस्य हुनेछन्। यस समाजको १३ सदस्यीय कार्यसमिति हुनेछ। त्यस अन्तर्गत निम्न वमोजिमका पदहरु रहनेछन्।

- अध्यक्ष (१ जना )
- उपाध्यक्ष (१ जना )
- सचिव (१ जना )
- सह-सचिव (१ जना )
- कोषाध्यक्ष (१ जना )
- खेल-संयोजक (१ जना )
- वेब डिजाइनर (१ जना)
- शैक्षिक तथा अनुसन्धान संयोजक (१ जना)
- कार्यकारी समिति सदस्य (५ जना )
- सल्लाहकार (कार्यकारी समितिको निर्णय बमोजिम )

६.२.१ अध्यक्ष जियोम्याटिक्स इन्जिनियरिङ्ग चौथो वर्षबाट

६.२.२ उपाध्यक्ष, सचिब, कोषाध्यक्ष र खेल-संयोजक जियोम्याटिक्स इन्जिनियरिङ्ग तेस्रो वर्षबाट

६.२.३ सह-सचिब जियोम्याटिक्स इन्जिनियरिङ्ग दोश्रो वर्षबाट

६.२.४ वेब डिजाइनर कार्यसमितिले तय गरे अनुसार जियोम्याटिक्स इन्जिनियरिङ्ग तेस्रो वा दोस्रो बर्ष बाट

६.२.५ शैक्षिक तथा अनुसन्धान संयोजक जियोम्याटिक्स इन्जिनियरिङ्ग चौथो वर्ष बाट

६.२.६ कार्यकारी सदस्य (जियोम्याटिक्स इन्जिनियरिङ्ग चौथो वर्षबाट-१ जना , तेस्रो बर्ष बाट २ जना, दोश्रो वर्षबाट-२ जना )

## ७. समितिको कार्यकाल

७.१ कार्यसमितिको कार्यकाल निर्वाचित भएको मितिबाट एक वर्षसम्म रहनेछ |

७.२ आफ्नो कार्यकाल पूर्ण भए पछि सम्पूर्ण क्रियाकलाप, कागजात र कारोबारहरु नयाँ चयन भएको समितिलाई हस्तान्तरण गर्नुपर्नेछ |

## ८. कार्यकारी समितिको चयनः

समाजका कार्यकारी समितिका सदस्यहरु चयन गर्दा यदि पद संख्याभन्दा धैरै उमेद्वारहरु भएमा सदस्यहरुको मनोनयन अन्तरवार्तामार्फत गरिनेछ।

गठन प्रक्रियाः

८.१ हालको समितिको सदस्यहरु (अध्यक्ष, उपाध्यक्ष र सचिव) मार्फत ४०% मूल्याङ्कन गरिनेछ।

८.२ चयन समितिमा विभागबाट प्रतिनिधित्व गर्दै एक प्रतिनिधिको पनि सहभागी रहनेछ | विभागबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिमार्फत ४०% को मूल्याङ्कन गरिनेछ।

८.३ पूर्वसमितिको अध्यक्ष (अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष, सचिव वा पदक्रम अनुसार उपस्थित कोहि एक प्रतिनिधि ) द्वारा १०% मूल्याङ्कन गरिनेछ।

८.४ हालको कार्यकालमा गरेका क्रियाकलापहरु मार्फत १०% मूल्याङ्कन गरिनेछ। यसका लागि निम्न क्रियाकलापहरु ध्यानमा राखिनेछन्।

- समाजले गरेका कार्यक्रमहरुमा सहभागिता र सहयोग
- साधारण सभामा उपस्थिति तथा सक्रियता

हालको समितिमा रहनेले पनि आगामी समितिमा रहनको लागि उमेद्वारी दिन पाउने छ ।

## ९. कार्यकारी समितिहरुको भूमिका

### ९.१ अध्यक्ष

समाजको प्रमूख दर्जामा अध्यक्ष रहने हुनाले अध्यक्षको काम, कर्तव्य र अधिकार यस प्रकार रहनेछन्

- समाजको नेतृत्व लिने।
- समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने।
- यदि निर्णयमा दुबै पक्षमा बहुमत भएमा निर्णायक मत दिने।
- समाजको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने।
- आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाइ निर्देशन दिने।
- अन्य पदाधिकारी एंव सदस्यहरुलाई कामको बाँडफाड गर्ने।
- समाजको साधारण सभा तथा कार्यसमितिको निर्णयको कार्यान्वयन गराउने।
- समाजको हक, हित र सम्पत्तिको निरीक्षण एवं संरक्षण गर्ने।
- समाजको बिधान तथा नीति, नियम अनुसार गर्नुपर्ने अन्य कामहरु गर्ने गराउने।

**९.२ उपाध्यक्ष:**

- कुनै कारणवश अध्यक्ष आफ्नो पद दायित्व वहन गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा कार्यवाहक अध्यक्षको रुपमा निजको कर्तव्यको अधिकार प्रयोग गर्ने गराउने।
- अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भएर काम गर्ने।

**९.३ सचिव:**

- संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने।
- अभिलेख सुरक्षित राख्ने।
- अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने।
- अध्यक्षको परामर्श लिई साधारण सभा र कार्य समितिको बैठक बोलाउने।
- समाजले कुनैपनि कार्यक्रम गर्दा काठमाण्डौ विश्वविद्यालय तथा सिभिल एण्ड जियोम्याटिक्स इन्जिनियरिङ्ग बिभागसङ्ग अनुमति लिने तथा कार्यक्रमको सुपरिवेक्षण गर्ने।
- साधारण सभामा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने तथा पेश गर्ने।
- कार्य समितिको कार्यसूची तयार गरी निर्णय पुस्तिका तथा कागजपत्र आफ्नो जिम्मामा राख्ने।
- कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने।
- सचिवको कामको भारलाई सहजता प्रदान गर्नको निमित्त सह-सचिवको पनि भूमिका रहनेछ।

**९.४ कोषाध्यक्ष:**

- समाजको कोषको रेखदेख र सञ्चालन गर्ने।
- साधारण सभामा वार्षिक बजेट पेश गर्ने।
- लेखा दुरुस्त राख्ने।
- समाजको कोष सम्बन्धी जवाफदेही र जिम्मेवारी लिने।
- कार्यसमितिको निर्णय अनुसार खर्च गर्ने र तत्सम्बन्धी लेखा दुरुस्त राख्ने।
- साधारण सभामा आय-व्यय सम्बन्धी प्रतिवेदन पेश गर्ने।
- आगामी वर्षको बजेट साधारण सभामा पेश गर्ने।
- समाजको उद्धेश्यपूर्तिका लागि कोष निर्माण गर्ने र त्यसको सञ्चालन गर्ने तथा गराउने।
- समाजको बैंक खाता सम्हाल्ने।

**९.५ खेल-संयोजक:**

- समाजले गर्ने खेलकुद कार्यलाइ व्यवस्थापन गर्ने।
- खेलकुद कार्य गर्न सम्बन्धित निकायसङ्ग अनुमति लिने, स्वयंमसेवकहरु खटाउने, खेल सम्बन्धित कार्य गराउने लगायतका खेलकुद सम्बन्धित सम्पूर्ण क्रियाकलापको जिम्मेवारी लिने र कार्यक्रम गराउने।
- खेलकुद सम्बन्धित सम्पूर्ण क्रियाकलापको समापन भएपछि त्यसको विवरण कार्यसमितिलाई बुझाउने।

### ९.६ वेब डिजाइनरः

- जि.इ.एस. को वेवसाइट अपडेट गर्ने।
- जि.इ.एस को सम्पूर्ण प्रमाणपत्रहरुको नमूना तयार पार्ने।
- कार्यक्रमहरुमा चाहिने फ्लेक्स डिजाइन गर्ने।

### ९.७ शैक्षिक तथा अनुसन्धान संयोजक

- शैक्षणिक तथा अनुसन्धानकमा सहयोग हुने कार्यहरु गर्ने तथा गराउने।
- शिक्षक तथा विध्यार्थीहरु सङ्ग समन्वय गरेर विभिन्न तालिम तथा अनुसन्धान सम्बन्धित कार्यक्रमहरु गर्ने तथा गराउने।
- विभिन्न गोष्ठी तथा सूचनामूलक कार्यक्रमहरु गराउने।

### ९.८ कार्यकारी समिति सदस्य:

- समाजको बैठकमा सक्रिय सहभागिता जनाउने।
- समाजको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने।
- सदस्यहरुले कार्यक्रमहरुको सुव्यवस्थित रुपले सञ्चालन गर्नका लागि आवश्यक सुझाव पेश गर्ने।

## १०. सल्लाहाकार

- समाजका सदस्यहरुलाइ सल्लाह दिने।
- समाजको उदेश्य र बिधानसङ्ग परिचित हुनुपर्नेछ।
- समाजको अध्यक्षलाइ कम्तिमा महिनाको एक पटक भेट्नु पर्ने र सर-सल्लाह दिनु पर्ने छ।
- समाजले गरेका हरेक कार्यक्रमहरुको जानकारी लिनु पर्नेछ र कार्यक्रमहरु मा उपस्थित हुनु पर्नेछ।
- समाजले गर्ने कार्यक्रमहरु, समितिको व्यवस्थापन, कार्यक्रमको आयोजना, समितिलाई आइपरेको समस्याको समाधान र समूह मूल्याङ्कनमा मार्गदर्शन दिनु पर्नेछ।

## ११.कार्यकारी सदस्यलाइ कारवाही

- कार्यसमितिका सदस्यहरु जानकारी बिना क्रमश: तीनवटा समितिको बैठकमा अनुपस्थित भए सो सदस्य स्वतह समितिबाट निस्कासन हुनेछ।
- कुनै सदस्य समितिबाट निस्कासन भएर वा राजिनामा दिएर कुनै पद रिक्त भएमा दफा ८ अनुसार नया सदस्य चयन गरिनेछ।

## १२. पद त्याग्न पाउनेः

१२.१ अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन्।

१२.२ यदि पद त्याग गर्न परेमा कम्तिमा एक हप्ता अघि कारण सहित दफा १२ को उपदफा १२.१ अनुसार लिखित राजिनामा पेश गर्नु पर्नेछ।

## १३. आर्थिक श्रोतः

संस्थाले आर्थिक श्रोत देहाय बमोजिम सङ्कलन गर्न सक्नेछ।

- सदस्यता शुल्क वापत प्राप्त गरेको रकम।
- विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा प्राप्त गरेको प्रवेश शुल्क एवं अन्य शुल्क।
- काठमाण्डौ विश्वविध्यालय, सिभिल एण्ड जियोम्याटिक्स इन्जिनियरिङ्ग विभागबाट प्राप्त गरेको अनुदान
- अन्य संघ-संस्थाबाट प्राप्त गरेको अनुदान।

## १४. बैठक

समाजको कुनै पनि कार्यक्रमको विनियोजन, आर्थिक तथा प्रगति विवरण, कार्यक्रम सञ्चालन नेतृत्व तथा पद हस्तान्तरण र कुनैपनि कार्यक्रमको छलफलका निमित्त समाजको बैठकको आवहान गरिनेछ। बैठकलाई निम्न रुपमा वर्गीकृत गरिएको छ:

### १४.१ वार्षिक साधारण सभाः

- यस समाजको साधारण सभा वर्षको एक पटक हुनेछ।
- साधारण सभा मार्फत वार्षिक आय व्यय विवरण एवं कामकारवाहि को विवरण प्रस्तुत गरिनेछ।
- वार्षिक आर्थिक विवरण कोषाध्यक्ष मार्फत र प्रगति विवरण सचिव मार्फत प्रस्तुत गरिनेछ।
- आगामी वर्षकालागि वार्षिक बजेट विनियोजन गरिनेछ।
- आगामी कार्यक्रमहरुको विनियोजन साधारण सभा मार्फत गरिनेछ।
- कार्यकारी समितिको चयन तथा नया कार्यकारी समितिलाई पद हस्तान्तरण साधारण सभा बाट गरिनेछ।
- साधारण सभा आवहान गरे वखत साधारण सदस्यहरुको कम्तिमा दुई तिहाई सहभागिता हुनुपर्नेछ। सो नभएको खण्डमा बैठक स्थगित गरि अर्को बैठक आहवान गरिनेछ। पहिलो बैठकमा दुई तिहाई सदस्य नपुगी दोस्रो वा त्यसपछिको बैठकको आहवानमा कम्तिमा ५१% सहभागिता अपरिहार्य हुनेछ।
- साधारण सभाको आवहान समाजको सचिवद्वारा गरिनेछ।

### १४.२ आकस्मिक बैठक एवं साधारण सभाः

- समाजले चाहेको खण्डमा आकस्मिक बैठक एवं साधारण सभा बोलाउन पाउनेछ।
- आकस्मिक बैठकका लागि सबै सदस्यहरुलाई कम्तिमा तिन दिन अघि सुचना दिइने छ।
- आकस्मिक बैठकको आहवान समाजको सचिवद्वारा गरिनेछ।

### १४.३ कार्यसमितिको बैठकः

- यस समाजको कार्यसमितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नुपर्नेछ।
- बैठकमा विना कारण (पूर्व सूचना विना) तीन पटक सम्म अनुपस्थित भएमा उक्त सदस्य कार्यसमितिबाट स्वतह निस्कासन हुनेछ।
- बैठकमा कम्तिमा ५१% सहभागिता हुनुपर्नेछ।
- बैठकमा अनुपस्थित ब्यक्तिले निर्णयहरु उपर असहमति जनाउन पाउने छैन।
- कार्यसमितिको बैठक समाजको सचिबले आहवान गर्नेछ।

## १५. अविश्वासको प्रस्तावः

- कार्यसमितिका सदस्यहरु उपर अविश्वासको प्रस्ताव दाखिला गर्न पाइनेछ।
- अविश्वासको प्रास्ताव दर्ता गर्दा कारण सहित कम्तिमा २५% साधारण सदस्यको हस्ताक्षर अपरिहार्य रहनेछ।
- अविश्वासको प्रस्ताव उपर छलफल गर्न साधारण सभा आहवान गरिनेछ र साधारण सदस्यको दुई तिहाई बहुमतले पारित गरेमा सो निर्णय नै सर्वमान्य हुनेछ तर सो भन्दा पहिला सम्बन्धित व्यक्तिलाई आफ्नो बचाउको पक्षमा सोहि साधारण सभामा साधारण सदस्याहरु समक्ष कारण सहित सफाई दिने मौका दिइनेछ। सम्बन्धित व्यक्तिको सफाई पछि पनि साधारण सदस्यको दुई तिहाई बहुमतले पारित गरेमा अविश्वासको प्रस्ताव दाखिला गरिएको सदस्यलाई कार्यसमितिबाट अध्यक्षको लिखित जानकारी सहित निस्कासन गरिनेछ।

## १६. संसोधन प्रावधान तथा नीति निर्माण सम्बन्धमाः

- जि.इ.एस को समयसापेक्ष बिधान संशोधन तथा नीति निर्माण गर्ने र कुनै पनि आकस्मिक निर्णय गर्ने सर्वाधिकार जि.इ.एस. को अध्यक्ष तथा सचिवलाई रहनेछ र उक्त निर्णय पारित गर्न दुई तिहाइ (२/३) मत आवश्यक पर्नेछ।
- उक्त बिधान पारित भइसकेपछि कार्य समितिको सो सम्बन्धि सूचना प्रकाशित गरेको मिति देखि लागु हुनेछ।

## १७. शपथ

जि.इ.एस. को सदस्य भएको नाताले म प्रतिज्ञा गर्दछु:

- समाजको बैठकमा नियमित रुपले उपस्थित हुनेछु।
- सहचर सदस्यहरुलाइ सहयोग र रचनात्मक मूल्यांकन प्रदान गर्नेछु।
- सबै सदस्यहरुलाई सकारात्मक, वातावरण मैत्री बनाउनको लागि सक्दो कोशिस र सहयोग गर्नेछु।
- जि.इ.एस. ले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय भएर सहभागी हुनेछु।
- समाजकोको हरेक क्रियाकलापमा सहयोग गर्नेछु।
- समाजका सदस्यहरु र अतिथिहरुलाई सम्मान तथा शिष्टताका साथ व्यवहार गर्नेछु।
- अतिथिहरुलाइ समाजले आयोजन गरेका क्रियाकलापहरुमा आमन्त्रण गरि क्लबका उद्देश्य र फाइदाका बारे जान्कारी गराउनेछु।
- समाजका सम्पूर्ण नियम र विधिलाइ पालना गर्नेछु ।
- जि.इ.एस का हरेक क्रियाकलापहरुमा आदर, सम्मान र ईमान्दारीका साथ सेवा र उत्कृष्टता प्रदान गर्नेछु।